

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर ३० गते आइतबार ❑ 15 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## आवश्यकता परिपूर्ति र प्रकृति संरक्षणमा सन्तुलन चुनौतीपूर्ण: मन्त्री शाही

**पोखरापत्र संवाददाता**
पोखरा २९ मंसिर

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जनताका आवश्यकता परिपूर्ति र प्रकृति संरक्षणमा सन्तुलन मिलाउनु चुनौतीपूर्ण रहेको बताउनुभएको छ।

न्यायाधीश समाज नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा पोखरामा आयोजित 'वातावरण तथा वन्यजन्तु संरक्षणसम्बन्धी सवालहरूमा न्यायिक दृष्टिकोण' विषयक दुई दिवसीय कार्यशाला गोष्ठीको आज उद्घाटन गर्दै उहाँले नेपाल जस्तो अल्पविकसित र स्थानीय समुदायले जीविकोपार्जनका लागि प्राकृतिक स्रोतमाथि आश्रित हुने मुलुकका लागि जनताका आवश्यकता परिपूर्ति र प्रकृति संरक्षणमा सन्तुलन मिलाउनु चुनौतीपूर्ण रहेको बताउनुभयो । यही सन्तुलनका लागि स्थानीय समुदायको प्राकृतिक स्रोतमाथिको निर्भरतालाई दृष्टिगत गरी सामुदायिक वन, संरक्षण क्षेत्र जस्ता समुदायमा आधारित वन व्यवस्थापनका पद्धति अवलम्बन गरिएको वनमन्त्री ठकुरीले बताउनुभयो । उहाँले जैविक विविधतातर्फ पनि नेपालले सफलता हासिल गरेको उल्लेख गर्दै विगत १० वर्षमा बाघ, गैंडा, जङ्गली हात्ती, गौरीगाई, अर्ना, कृष्णसार जस्ता वन्यजन्तुको संरक्षणका कारण सङ्ख्यासमेत बढेको पाइएको बताउनुभयो ।




यस्तै समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको सफलतास्वरुप विगत दुई दशकमा देशमा वनको क्षेत्रफल बढ्दै गएको मन्त्री ठकुरीको भनाइ थियो । "वन, वनस्पति, वन्यजन्तु, वातावरण संरक्षणमा समेत समस्या छ । अझै पनि चोरी-सिकार, वन्यजन्तु आखेटोपहारको व्यापार, जडीबुटीलगायत वनपैदावरको अवैध ओसारपसार र व्यापार जस्ता गैरकानुनी घटना हुने गरेका छन् । यस्ता जस्ता गैरकानुनी कार्यमा सङ्लग्न जोकोहीलाई कानुनी दायरामा ल्याउनु राज्यको दायित्वभित्र पर्छ । त्यसैले सरकारले संरक्षणका गतिविधिसमेत बढाइरहेको छ, जसले गर्दा वन क्षेत्र विस्तार तथा वन्यजन्तुको संरक्षणमा समेत टेवा पुगेको छ", उहाँले भन्नुभयो । संसार जलवायु परिवर्तन, जैविक विविधताको क्षय र प्रदूषणको सङ्कटबाट गुज्रिरहेको अवस्थामा यी विषयमा राज्यका सबै अङ्गमा समान बुझाइ हुनु आवश्यक रहेको मन्त्री शाहीले जोड दिनुभयो ।

## पत्रकार महासंघ कास्कीको अध्यक्षमा माधव बराल

**पोखरापत्र संवाददाता**
पोखरा २९ मंसिर

नेपाल पत्रकार महासंघ कास्कीको अध्यक्षमा नेपाल प्रेस युनियन र प्रेस चौतारी प्यानलका माधव बराल निर्वाचित हुनु भएको छ।

शनिबार बिहान सम्पन्न भएको मतगणनाबाट बराललले प्रेस सेन्टर नेपाल र समाजबादी प्रेस संगठनका साझा उम्मेदवार राजेन्द्र अधिकारीलाई ९ मतको अन्तरले पराजित गर्दै जिर्वाचित हुनु भएको हो । अगामी ३ बर्षीय कार्यकालको निर्वाचित हुनु भएको अध्यक्ष बराललले १०५ मत ल्याउदा अधिकारीले भने ९६ मत ल्याउनु भएको थियो । कास्की शाखामा २ सय २० मतदाता (पत्रकार) भए पनि शुक्रबारको मतदानमा भने ९३ प्रतिशत अर्थात २०५ मत खसेको निर्वाचन संयोजक पुण्यप्रसाद पौडेलले पोखरापत्रलाई बताउनुभयो। अन्य पदाधिकारीमा युनियन र चौतारी प्यानलकै उम्मेदवारको जित भयो भने अन्य सदस्यमा सेन्टरका दुई जना सदस्य पुष्प दाहाल र (सदस्य महिला) कविता घर्तिमगर निर्वाचित हुनु भयो ।




त्यसै गरी कास्की शाखाको उपाध्यक्षमा माधव रेग्मी, महिला उपाध्यक्षमा कञ्चन थापा, सचिवमा भुपाल गुरुङ, सहसचिव खुलामा मधु अधिकारी, समावेशी सहसचिवमा धनबहादुर गुरुङ र कोषाध्यक्षमा राजाराम पौडेल विजयी हुनु भयो । सदस्यहरुमा अर्जुन गाहा सुशान्त, गौरव त्रिपाठी, राजु गिरी, बालकुमारी पौडेल, सन्तोष सुवेदी, रिखिराम जिसी, तुलसीराम सुवेदी, निराजन अधिकारी र पुष्पराज दाहाल विजयी हुनु भएको छ।

त्यसै गरी राष्ट्रिय परिषद् सदस्यमा ५ जना निर्वाचित हुनु भएको छ । निर्वाचित हुनेहरुमा आरजु विष्ट सल्यानी (मोहनकुमार विष्ट)ः दीननाथ बराल, कृष्णमणि बराल, भरत कोइराला र राज बहादुर गुरुङ रहनु भएको छ।

## पत्रकार महासंघ गण्डकीको अध्यक्षमा रमेश पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा २९ मंसिर

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशको अध्यक्षमा रमेश पौडेल निर्वाचित भएका छन।

प्रेस यूनियन र प्रेस चौतारी प्यानलबाट निर्वाचित पौडेलले २ सय २३ मत अन्तरले समाजबादी प्रेस संगठन र प्रेस सेन्टरका साझा उम्मेदवार गोविन्द सुवेदीलाई पछि पार्दै विजयी भएका हुन् ।

शुक्रबार भएको निर्वाचनको शनिबार बिहान मतगणना सम्पन्न भएसंगै पौडेलले ४ सय १ मत ल्याउदा उनका निकटतम प्रतिद्वन्द्वी गोविन्दप्रसाद सुवेदीले १ सय ७८ मत प्राप्त गरे । त्यसै गरी ३ बर्षीय कार्यकालको लागि प्रदेश समितिको उपाध्यक्ष (खुला)मा प्रकाश पौडेल, उपाध्यक्ष (महिला) मा मायाकुमारी अधिकारी, महासचिवमा जमुना वर्षा शर्मा, सचिव (खुला)मा भविश्वर पाण्डे, सचिव (समावेशी)मा रोशनी गुरुङ र कोषाध्यक्षमा रमेश बस्ताकोटी निर्वाचित भए । त्यसै गरी अन्य सदस्यहरुमा खुला सदस्यमा विजय नेपाल, गणेश पहारी, जनक श्रेष्ठ, छविलाल पाण्डे, श्रीकृष्ण सिग्देल, ध्रुवराज सुवेदी र रोशन लामिछाने निर्वाचित भए। सदस्य (महिला) मा ज्योति हमाल, सपना अधिकारी र रञ्जिता शर्मा, सदस्य दलितमा विजय नेपाली, सदस्य (आदिवासी जनजाति) मा पदम श्रेष्ठ र मञ्जुल शाक्य निर्वाचित भए । गण्डकी प्रदेश अन्तर्गत महासङ्घको जिल्ला अध्यक्षहरूमा कास्कीबाट माधव बराल, पर्वतमा लक्ष्मीप्रसाद सापकोटा, बागलुङमा राम थापा, मनाङमा नविन लामिछाने, मुस्ताङमा सुनदेवी रसाइली, लमजुङमा सन्देश पौडेल, तनहुँमा डिपी अधिकारी, स्याङ्जामा प्रदीप कोइराला, म्याग्दीमा हरिकृष्ण गौतम, नवलपुरमा श्रीराम सिग्देल निर्वाचित भए ।



गोर्खामा भने निर्वाचन स्थगित भएको छ । उक्त निर्वाचत स्थगित गरेको भन्दै पत्रकार महासंघले केन्द्रले उक्त शाखालाई निम्बर गरेको छ । प्रेस सेन्टर र समाजबादी प्रेस संगठनका साझा उमेदवार राम थापा विजयी भएभने अन्य प्रेस चातारी र प्रेस यूनियनको विजयी भएका छन् ।

## नवलपुरको नमूना सदरमुकाम निर्माणमा देखिएका समस्या समाधान गर्छु : उपप्रधानमन्त्री सिंह

**पोखरापत्र संवाददाता**
नवलपरासी, २९ मंसिर

उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले नवलपरासी (बर्दघाट-सुस्तापूर्व) नवलपुरको नमूना सदरमुकाम निर्माणमा देखिएका समस्या समाधान गर्ने विश्वास दिलाउनुभएको छ।

नवलपुरको कावासोतीमा जिल्ला समन्वय समिति नवलपुरले शनिबार यहाँ आयोजना गरेको नमूना सदरमुकाम निर्माणसम्बन्धी अन्तरक्रियामा मन्त्री सिंहले सदरमुकाम निर्माणका लागि बजेटको व्यवस्था भए पनि रूख कटानको विषयले गर्दा काम अघि बढ्न नसकेको भए पनि यसको गाँठो फुकाउन आफूले पहल गर्ने बताउनुभयो । रूख कटानको विषय र भूमिको विषयमा सम्बन्धित मन्त्रीसँग समन्वय गरी सदरमुकाम निर्माणमा देखिएको प्राविधिक समस्या समाधानमा चाँडै पहल गर्ने उपप्रधानमन्त्री सिंहले बताउनुभयो। देश केन्द्रीकृत एकात्मक व्यवस्थाबाट सङ्घीयतामा गएपछि बन्न लागेको नमूना सदरमुकाम सबैले हेर्न चाहेकाले यसलाई कार्यान्वयनका लागि विधि, प्रक्रिया पूरा गर्न आफू लागिरहेको र थप पहल गर्ने बताउनुभयो । "काम सबैले छिटो गरौँ भन्ने नै हुन्छ, तर चाहेर मात्र नहुँदो रहेछ, त्यसका विधि, प्रक्रियाहरू पुऱ्याउँदै लैजानुपर्ने रहेछ, अहिले जुन गाँठो परेको छ, त्यसलाई फुकाउन लागि परिरहेको छु", उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "समस्या समाधान गरेर चाँडै यो योजना अघि बढ्छ भन्ने विश्वास दिलाउन चाहन्छु।"

गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री जिसी श्रेष्ठले नमूना सदरमुकाम निर्माण नहुँदा सेवाग्राहीहरूलाई सेवा लिन असहज भएको बताउनुभयो । छरिएर विभिन्न स्थानमा भाडामा रहेका कार्यालयका कारण सेवाग्राहीलाई सहज सेवा लिन असुविधा भएको भन्दै चाँडै निर्माणको काम थाल्नुपर्ने बताउनुभयो ।

गण्डकी प्रदेशसभा सदस्य दमयन्ती रूचालले आफूहरूले पटक पटक सदरमुकामको काम अघि बढाउन केन्द्र सरकारसँग समन्वय गरिरहेको भए पनि सोहीअनुसार गति लिन नसकेको बताउनुभयो । राज्य पुनःसंरचनापछि

बाँकी अन्तिम पृष्ठमा ▶▶





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## स्वास्थ्यमन्त्री पौडेलद्वारा अस्पताल भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
दमौली २९ मंसिर

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले म्याग्देमा निर्माण गरिएको दश शय्याको अस्पताल भवनको शनिबार उद्घाटन गर्नुभएको छ।

प्रत्येक स्थानीय तहमा १० शय्याको अस्पताल निर्माण गर्ने सङ्घ सरकारको निर्णय बमोजिम म्याग्दे गाउँपालिका-४ थर्पुमा निर्माण गरिएको भवनको मन्त्री पौडेलले उद्घाटन गर्नुभएको हो।

उद्घाटन कार्यक्रममा पूर्वप्रतिनिधिसभा सदस्य केदार सिग्देल, संविधानसभा सदस्य रामचन्द्र पोखरेल, म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, उपाध्यक्ष बालकृष्ण घिमिरेलगायत सहभागी हुनुहुन्थ्यो । अस्पताल भवन निर्माण सम्पन्न भएसँगै नयाँ भवनबाट सेवा प्रवाहको तयारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अधिकारीले जानकारी दिनुभयो।



प्रमुख प्रशासकीय अधिकृत अधिकारीका अनुसार अस्पतालमा एक जना करारमा डा नियुक्त गरिएको छ। त्यस्तै दुई जना ल्यावमा कर्मचारी नियुक्त गरिसकिएको छ।

रु सात करोड ३४ लाख ५० हजार एक सय ९६ को लागतमा भवन निर्माण गरिएको हो। भवन निर्माणका लागि विसं २०७८ जेठ २ गते ऋषि शक्ति होम निर्माण जेभीसँग सम्झौता भएको थियो । उक्त भवन विसं २०८० जेठ १० गतेभित्र सम्पन्न गर्नुपर्ने म्याद रहेपनि विविध कारणले काममा ढिलाइ भएको अधिकारीले जानकारी दिनुभयो।

# २५औं आदर्श कपको उपाधि कास्कीलाई

**पोखरापत्र संवाददाता**
पोखरा २९ मंसिर

कास्कीको लेखनाथमा आयोजित २५औं आदर्श कप फुटबल प्रतियोगिता २०८१ को उपाधि एन्फा कास्कीले हात पारेको छ।

लेखनाथको भण्डारढीक स्थीत लेखनाथ रंगशालामा शनिवार सम्पन्न फाईनल खेलमा सशस्त्र प्रहरीलाई २-१ को गोल अनतरले पराजित गर्दै कास्कीले उपाधि जित्न सफल भएको हो । खेलको ४६ औ मिनेटमा शसस्त्रका प्रविन स्याङतानले पहिलो गोल गर्दै अग्रता दिलाएका थिए भने ८१ औं मिनेटमा कास्कीका युनिस भण्डारीले गोल फर्काउँदै खेललाई बराबरीमा पुर्‍याएका थिए । तर त्यसको ६ मिनेटमै कास्कीका संगम




ठकुरीले दोश्रो गोल थप्दै जित सुनिश्चत गरेका थिए। त्यसपछि पनि बारम्बार पाएको गोल गर्ने मौकालाई सदुपयोग गर्न नसक्दा सशस्त्रले उप विजेतामा चित्त बुझाउनु परेको छ । च्याम्पीयन बनेको कास्कीले उपाधीसँगै नगद रु ४ लाख २५ हजार ५सय २५ रुपैयाँ शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्न सफल भएको छ भने उपविजेता सशस्त्र प्रहरी वल गण्डकी प्रदेशले नगद रु २ लाख २५ हजार ५ सय २५ रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पारेको छ । प्रतियोगितामा उत्कृष्ट मिडफल्डरमा कास्की ११ का अंकित गुरुङ,सर्वाधिक गोलकर्तामा सशस्त्रका प्रविन साङते, उत्कृष्ट डिफेन्डरमा सशस्त्र कै सन्तोष श्रेष्ठ,उत्कृष्ट गोलरक्षकमा कास्की ११ का आयुस गुरुङ, उत्कृष्ट कोचमा कास्कीका योगेन्द्र थकाली र उत्कृष्ठ खेलाडीमा कास्की कै अनिस तामाङ पुरस्कृत भएका हुन् । प्रतियोगितामा गण्डकी प्रदेशबाट ८ टिमको सहभागिता रहेको थियो । विजयी खेलाडीहरुलाई पुरस्कार प्रदान गर्दै संघिय सासंद मन बहादुर गुरुङले खेललाई ब्यवसायिक र प्रस्तावित लेखनाथ रंगशालालाई पोखराको बैकल्पीक रंगशालाको रुपमा विकास विकास गराउन पहल गर्ने वताएका थिए । आयोजक आदर्श युवा क्लवका अध्यक्ष पदम गुरुङको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रमको संचालन सचिव सन्तोष गुरुङले गरेका थिए भने धन्यवाद ज्ञापन क्लवका सस्थापक अध्यक्ष चेत बहादुर गुरुङले गरेका थिए । ‘ निरन्तरता हाम्रो प्रतिवद्धता,फुटवल खेलको विकास हाम्रो दृढता’ भन्ने मुल नाराका साथ संचालित प्रतियोगिताको मुख्य प्रायोजकक शौर्य सिमेन्ट रहेको थियो ।

# पोयुसाँपको अध्यक्षमा रिता अधिकारी ‘ऋतु’

**पोखरापत्र संवाददाता**
पोखरा २९ मंसिर

पोखरेली युवा साँस्कृतिक परिवारको अध्यक्षमा रिता अधिकारी ‘ऋतु’ सर्वसम्मत निर्वाचित भएकी छन् । शुक्रबार आयोजित परिवारको ४२ औं अधिवेशन तथा साधारण सभाले अधिकारीको नेतृत्वमा आगामी २ वर्षका लागि १३ सदस्यीय कार्य समिति चयन गरेको छ।



परिवारको उपाध्यक्ष लक्ष्मण थापा, सचिव एम.डी.काफ्ले, कोषाध्यक्ष अर्जुन अधिकारी, सहसचिव हसिना बस्नेत, विभागीय संयोजक अन्तर्गत केशु शर्मा सहित्य संयोजक, मिलन गिरी सङ्गीत संयोजक, हेमकान्ती गुरुङ कला संयोजकका लागि चयन भएका छन् । सदस्यहरूमा डा. शरण आँसु, शिव सङ्कल्प, शिव त्रिपाठी, ढाकामोहन बराल र सङ्गीता बराल बिसी निर्वाचित भएका छन् । नवनिर्वाचित कार्य समितिलाई निर्वाचन समितिका संयोजक भोजबहादुर जिसीले पद तथा गोपनियताको सफथ खुवाएका थिए । निवर्तमान अध्यक्ष उपेन्द्र पौडेल र सचिव डा. चैतन्य अधिकारीले नवनिर्वाचित अध्यक्ष रिता अधिकारी ‘ऋतु’ लाई संस्थाको निर्णय पुस्तिका हस्तान्तरण गरेका थिए । नवनिर्वाचित कार्यसमितिलाई परिवारका संस्थापक सचिव सरुभक्त, सल्लाहकार तीर्थ श्रेष्ठ, प्राज्ञ रमेश श्रेष्ठ, उपेन्द्र पौडेल, सरस्वती प्रतीक्षा, प्रकाश ज्ञवालीले सफल कार्यकालका लागि बधाई तथा शुभकामना दिएका थिए।

नवनिर्वाचित अध्यक्ष रिता अधिकारी ‘ऋतु’ले संस्थाको गरीमालाई जोगाउन आफ्नो कार्यकालमा सबैको साथ र सहयोगले नियमित कार्यक्रमलाई निरन्तरता दिँदै नयाँ योजना ल्याउने प्रतिबद्धता जनाइन । साधारण सभाले सचिव डा.चैतन्य अधिकारीद्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष अर्जुन अधिकारीद्वारा प्रस्तुत कोषाध्यक्षको प्रतिवेदनलाई पारित गरेको छ। कविताको अघोषित पाठ्शालाका रूपमा परिचित पोखरेली युवा साँस्कृतिक परिवारले हरेक महिनाको पहिलो शनिबार समता काव्य सन्ध्या सञ्चालन गर्छ । प्रत्येक दुईदुई महिनामा समता साङ्गीतिक कार्यक्रम र प्रत्येक तीनतीन महिनामा समता कला कार्यशाला सञ्चालन गरिरहेको छ । सामूहिक साहित्यकार जयन्ती, विश्व कविता दिवस, अनुभव र अनुभूति, स्रष्टा सम्वाद, एकल कविता वाचन, साङ्गीतिक साँझ, कला प्रदर्शनी, पुस्तक विमोचन, परिचर्चा, पुरस्कार तथा सम्मान सञ्चालन लगायतका दर्जनौं कार्यक्रमको क्यालेन्डरले क्रियात्मक अभियानको रूपमा परिवार पहिचान स्थापित भएको छ। ‘साहित्य, कला र सङ्गीतको उत्थान : हाम्रो प्रण’को गुञ्जनका साथ विक्रमाब्द २०३४ सालमा संस्था स्थापना भएको हो । पोखरेली युवा साँस्कृतिक परिवार गण्डकी प्रदेशको वाङ्मयिक विकासमा ४७ वर्षदेखि अविछिन्न क्रियाशील र सक्रिय संस्थाका रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा परिचित छ। मिनी एकेडेमीका रूपमा परिचित परिवारले साहित्य, कला र सङ्गीतका क्षेत्रमा विशिष्ट योगदान दिएको छ।

# च्यान्डममा बुद्धको जीवनीमा आधारित उपन्यास ‘अर्हत्’ को चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा २९ मंसिर

उपन्यासकार शैलेन्द्र अधिकारीको उपन्यास ‘अर्हत्’ को शनिवार पोखरामा चर्चा गरिएको छ । च्यान्डम रिडर्स सोसाइटीले आफ्नो नियमित कार्यक्रमको १११ औँ शृङ्खलामा बुद्धको जीवनीमा आधारित उपन्यास अर्हत्को चर्चा गरेको हो।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार दीपक सापकोटाले बुद्धको जीवनको गोरेटो पछ्याएर लेखिएको कृतिका रूपमा अर्हत् को चर्चा गरे । “बुद्धमाथि भविष्यमा झनै अनगिन्ती कथा लेखिनुपर्छ । आज पनि लेखक शैलेन्द्र अधिकारी भनिरहेका छन्- बुद्ध बुझ्ने किताबै कम छ । म त्यही बुद्ध बुझाउने किताबमाथि सामान्य अध्ययनका आधारमा केही भन्न उभिएको छु” सापकोटाले भने, “के हामीले बुद्ध चिन्यौँ ? यस किताबले यही प्रश्न गरिरहन्छ ।” बुद्धलाई भगवान् भन्न सजिलो भएको तर उनलाई हामीले साँच्चै अँगालेका छौँ ? चिनेका छौँ ? भन्ने टड्कारो प्रश्न सबैलाई किताबले छोडेको उनको भनाइ थियो ।”



बुद्ध र बुद्धहरूको कथाका रूपमा कृति आएको भन्दै सापकोटाले प्रत्येक पृष्ठमा अनोमा नदी झैँ प्रेमपूर्वक बुद्ध बगिरहेका धारणा राखे । भने, “आख्यानकार शैलेन्द्र अधिकारीको उपन्यास ‘अर्हत्’ ले बुद्धको जीवनीलाई प्राञ्जल भाषामा आख्यानीकृत गरेको छ, जसले अढाई हजार वर्षअघिको समाज-समयसँग साक्षात्कार गराउँछ ।” उपन्यासले सिद्धार्थ गौतम कसरी ‘गौतम बुद्ध’ बने भन्ने कथा भनेको स्पष्ट पार्दै साहित्यकारसमेत रहेका सापकोटाले बुद्ध, तत्कालीन समय, बुद्धगाथा, धर्मोपदेश, सामाजिक र राजनीतिक अवस्था, जीवन, कपिलवस्तु राज्यको उत्थान र पतन नै ‘अर्हत्’ को विषय भएको बताए । बुद्धले आफैँ गृहत्याग गरेका हुन् वा राजनीतिक कारणले घर छोड्नुपरेको हो भन्ने कुरालाई किताबले विमर्शको बाटो छोडिदिएको उनको भनाइ थियो । उपन्यासकार शैलेन्द्र अधिकारीले आफूले बुद्ध दर्शन अध्ययनका क्रममा गुरुग्रन्थहरूबाट प्राप्त ज्ञानलाई उपन्यासमा समेटेको भनाइ राखे। पाठकले उठाएका प्रश्नको जबाफ दिँदै अधिकारीले आफूले दर्शनको वकालत नगरी बुद्धको वास्तविक जीवनी पाठकमैत्री आख्यानका रूपमा प्रस्तुत गरेको स्पष्टीकरण दिए । ऐतिहासिक विषयवस्तुका रूपमा बुद्धको जीवनका अनेकौँ पाटालाई उपन्यासमा प्रस्तुत गरेको उनको दाबी थियो। पाली भाषानिकट भएर लेखिएका सन्दर्भ र करिब २५ सय वर्षपहिलेको कथा उपन्यासमा भएकाले केही हदसम्म भाषा क्लिष्ट भएको हुन सक्ने उनको स्विकारोक्ति थियो । साहित्यकार सरुभक्तले बुद्धनेपालमा जन्मिएको भन्न पाउनु गौरवको कुरा भए पनि ‘बुद्ध वाज बोर्न इन नेपाल’ मात्र भनेर नपुग्ने बताए । बुद्धत्व स्थापनाका लागि बुद्ध दर्शनसम्बन्धी गतिविधि र सम्पदा संरक्षणका लागि विशेष पहल गर्नुपर्ने सरुभक्तको भनाइ थियो । बुद्धसम्बन्धी कृतिहरूमा फरक फरक मत पाइने गरेको भन्दै उनले हामीले बुद्धलाई मानेका छौँ कि छैनौँ भन्ने प्रश्नसमेत उठ्ने गरेको प्रसङ्ग सुनाए । भिक्षुहरूले नै कहिले बुद्धलाई ‘भगवान्’ भन्ने र कहिले भगवान् होइनन् मानव नै हुन् भन्ने दोधारे प्रवृत्तिप्रति असन्तुष्टि उनले राखे । बौद्ध दर्शनसम्बन्धी प्राविधिक शब्दहरूको ज्ञानसमेत दिने अर्हत् उपन्यास पठनीय रहेको सरुभक्तको भनाइ थियो ।

छवि सुवेदी ‘विजयी’, भरतमणि भट्टराई, त्रुपक, सम्राट् गुरुङलगायतले टिप्पणी गरेका कार्यक्रमको सञ्चालन सहसचिव दीपक पराजुलीले गरेका थिए । सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमाथि परिचर्चा गर्दै आएको सोसाइटीका सदस्य बाबुराम सुवेदीले जानकारी दिए।

# आइटिएफ जे३० वर्ल्ड टेनिस टुरमा भारतका आश्रब्य र मंगोलियाकी मार्टा च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा २९ मंसिर

आइटिएफ जे ३० वर्ल्ड टेनिस टुर पोखरा सर्किट २ अन्तर्गत शनिबार सम्पन्न फाइनल सिंगल्समा भारतका आश्रब्य मेहरा र मंगोलियाकी मार्टा चोग्सोमजाभ च्याम्पियन बनेका छन्।

कास्की जिल्ला टेनिस संघको आयोजनामा सम्पन्न सिंगल्स फाइनलमा दुबै बिजेताले नेपाली खेलाडी द्वय आरब सम्राट हाडा र शिवाली गुरूङलाई पराजित गरेका हुन् । पोखरा रंगशालास्थित टेनिस सेन्टरमा आयोजित ब्वाइज र गर्ल्सतर्फ फाइनल खेल निकै रोमाञ्चपूर्ण रहे । पोखरामा आयोजना भएको छैटौं संस्करणको आइटिएफ जे३० मा नेपाली खेलाडीहरुले उत्साहपूर्ण रुपमा खेल प्रदर्शन गर्दै फाइनलको यात्रा तय गरे पनि उपविजेतामा सिमित बने । नेपाली टेनिसमा उर्वरा खेलाडीको रुपमा रहेका आरब भारतीय खेलाडी आश्रब्य मेहरा संग ६-३, ६-४ को सोझो सेटमा पराजित हुँदै उपविजेतामा चित्त बुझाए।

आरब एक साता अघि सम्पन्न सर्किट १ मा भारतकै खेलाडी संग फाइनलमा पराजित भएका थिए । उनले दुबै खेलमा उपविजेता बन्दै व्यक्तिगत ३६ अंक बटुले । यस्तै गर्ल्सतर्फको फाइनलमा भर्खर १४ वर्षको उमेरमा अन्तर्राष्ट्रिय



प्रतियोगितामा पाइला टेक्दै गरी शिवाली गुरुङले अनुभवी १७ वर्षिया मंगोलियाकी मार्टा चोग्सोमजाभ विरुद्ध फाइनलमा चुनौती बनेर उभिइन । उनको दृढताले भरिएका आकर्षक सटहरुले दर्शकहरुलाई समेत अचम्भित बनायो । शिवाली ६-३, ६-२ को सोझो सेटमा मार्टा संग पराजित भइन् ।

आइटिएफ जे३० वर्ल्ड टेनिस टुर पोखरा सर्किट२ का बिजेता तथा उपबिजेता खेलाडीहरुलाई नेपाल टेनिस संघका उपाध्यक्ष बिनोद कायस्थ, कास्की टेनिसका अध्यक्ष राजकुमार गुरूङ, उपाध्यक्ष नविन चालिसे, कोषाध्यक्ष विष्णु बहादुर थापा, सल्लाहकार गोपी बहादुर भट्टराई, सदस्य प्रिती बराल, टुर्नामेन्ट डाइरेक्टर अजय विष्ट, आइटिएफ सुपरभाइजर प्रविन नायकलगायतले मेडल वितरण गरेका थिए । पोखरामा सर्किट १ र सर्किट २ गरी करिव दुई साता सम्म सञ्चालन भएको प्रतियोगितामा नेपालसहित नेपालसहित जापान, भारत, चिन, अमेरिका, न्युजिल्याण्ड, ताइवान, मंगोलिया, बंगलादेश र कोरियाका गरी १० देशका १ सय ५ भन्दा बढि खेलाडीहरुले सहभागिता जनाएका थिए।

प्रतियोगिता सफल बनाउन सहयोग गर्नेहरु प्रति अध्यक्ष गुरूङले आभार व्यक्त गरेका छन् । यो संगै कास्की जिल्ला टेनिस संघको आयोजनामा नेपाली टेनिसमा स्थापित प्रतियोगिता मध्येको एक २० औं संस्करणको माछापुच्छ्रे टेनिस प्रतियोगिता आगामी पौष ११ गतेबाट सञ्चालन हुने कास्की टेनिसले जनाएको छ।

# प्रज्वललाई ग्रस र थमेशलाई नेट तर्फको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर

चौथो होलमा होल ईन वान गरेका कास्कीका एमेच्योर गल्फर प्रज्वल गुरुङले ग्रस तर्फको उपाधि जितेका छन् । नेट तर्फका उपाधि भने थमेश राईले जितेका छन्।

कास्की जिल्ला गल्फ संघको आयोजनामा पार ६९को पोखरा १४ स्थित हिमालयन गल्फ क्लबमा शनिबार प्रतिस्पर्धामा पुरुष खुल्ला तर्फ प्रज्वलले दुई ओभर ३४ स्कोरसहित उपाधिसहित नगद पुरस्कार प्राप्त गरे । उनले नगद पुरस्कार स्वरुप २० हजार प्राप्त गर्दा होल ईन वान हिर्काउँदै नगद १ लाख रुपैयाँ प्राप्त गरे। ग्रस तर्फ काठमाडौं गोकर्ण गल्फ क्लबका नोर्बु शेर्पा उपविजेता बने। उनले ३२ स्कोर गरे। उनलाई काउण्ट व्याकको नतिजाले साथ दियो। त्यस्तै नेट तर्फ थमेशले ३५ स्कोर सहित उपाधि जित्दा ३४ स्कोर गरेको निल थापा दोस्रो र ३३ स्कोरसहित पासाङ शेर्पा तेस्रो बने । उनीहरुले नगद स्वरुप २०, १५ र १० हजार प्राप्त गरे । महिला



तर्फको प्रतिस्पर्धाको उपाधि जान्भी गुरुङले प्राप्त गरिन्। जुनियर तर्फको पुरस्कार डानियल बानियाँले पाउँदा सबैभन्दा पाका गल्फरको पुरस्कार भने मेजर लछिमीप्रसाद गुरुङले प्राप्त गरेका थिए। टिम इभण्ट(बेटर बल)को पुरस्कार प्रज्वल गुरुङ र दिप्सन लामाको जोडीले १० अण्डर ५९ को स्कोरसहित उपाधि जिते । उनीहरुले नगद ५० हजार प्राप्त गरे । त्यसैगरी कृष्ण पुन र बालकासी गुरुङको टिम काउण्ट व्याकमा दुई अण्डर ६७ स्कोरसहित उपविजेता बन्यो । ऋषिकेस सेन र श्याम सुब्बा भने समान २ अण्डर ६७ स्कोरसहित तेस्रो स्थानमा रहे। उनीहरुलाई पनि नगद पुरस्कार प्रदान गरिएको थियो।

प्रतियोगितामा लङगेष्ट ड्राईभको पुरस्कार सुरेन्द्र फुयाँल र क्लोजेष्ट टु दि पीनको पुरस्कार भक्तराज गुरुङले प्राप्त गरे। विजेता गल्फरहरुलाई प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङ, मुख्य प्रायोजक प्रभु बैंकका मेनेजर सामर्थ्य उप्रेती लगायतले ट्रफी तथा नगद पुरस्कार प्रदान गरेका थिए। टिम तर्फ २९ र खुल्ला तर्फ ५७ गल्फरको सहभागिता रहेको थियो। कास्की जिल्ला गल्फ संघ पुनर्गठनपछि पहिलो पटक पोखरामा एमेच्योर गल्फ प्रतियोगिता आयोजना गरिएको थियो। नेपालमा सन १९१७ देखि गल्फको थालनी शुरु भएको थियो । सन १९८६ मा अन्तराष्ट्रिय मापदण्ड अनुसारको ९ होलको रोयल नेपाल गल्फ कोर्षको स्थापना पछि व्यवसायिकता तर्फ अग्रसर इतिहास छ। पोखरामा सन १९९४ मा छिनेडाडाँस्थित हिमालयन गल्फ क्लबको स्थापनापछि शुरुवात भएको हो। पार ६९ को १८ होलको कोर्ष बनेपछि पोखरामा गल्फ बामे सर्न थालेको हो । विश्वकै युनिक कोर्षभित्र पाँचौ स्थानमा पर्छ । विश्वको १०० औं गल्फ कोर्षमा पोखराको हिमालयन गल्फ कोर्ष एशिया प्यासफिक क्षेत्रमा २३ औं स्थानमा पर्छ । । राष्ट्रिय प्रतियोगिताको पूर्व सन्ध्यामा आयोजना हुने यस प्रतियोगितालाई तयारीको रुपमा लिइएको कास्की जिल्ला गल्फ संघका अध्यक्ष जीवाराम गुरुङले बताए । प्रतियोगितालाई प्रभु बैंकले मुख्य प्रायोजन र अटोवेज प्रालिले सह प्रायोजन गरेको थियो। प्रतियोगितालाई सामाजिक विकास तथा युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, प्रदेश खेलकुद परिषदको विशेष सहयोग रहेको छ। पोखरा महानगरपालिका प्रवर्द्धक भूमिका छ भने जिल्ला खेलकुद विकास समिति, नेपाल गल्फ संघ, प्रदेश गल्फ संघ र हिमालयन गल्फ क्लबले सहयोग गरेका थिए।

## नवलपुरको ...

नवलपुरको सदरमुकाम बनाउने विषय यो जिल्लाको मात्र नभएर देशकै दायित्व भएको जिसस नवलपुरका प्रमुख बाबुराम विश्वकर्माले बताउनुभयो। नवलपुरको कावासोतीमा रहेको एक सय ८४ बिघा जग्गामा सङ्घ, प्रदेश र जिल्लाका आवश्यक कार्यालयहरू निर्माण गर्नेगरी नमूना सदरमुकाम निर्माणको योजनाअनुरूप विसं २०७६ वैशाख ७ नमूना सदरमुकाम निर्माणको प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गर्नुभएको थियो । निर्माणको जिम्मा पाएको सघन सहरी विकास तथा भवन निर्माण आयोजना चितवनले गत आर्थिक वर्षमा विनियोजित रू ५० करोडमा तीनवटा भवन निर्माणका लागि ठेक्का लगाएको छ । सोही अनुसार रौतहटको चौधरी कन्स्ट्रक्सनले भवन निर्माणको जिम्मा पाएको छ। तर भवन निर्माणस्थलमा रूख कटानको आदेश नआउँदा काम अघि बढ्न नसकेका सघन सहरी विकास तथा भवन निर्माण आयोजना चितवनका प्रमुख झपटबहादुर थापाले बताउनुभयो। यस वर्ष पनि रू ८० करोड विनियोजन भएको र थप भवन तथा सभा हललगायत संरचना निर्माणका लागि ठेक्का प्रक्रियामा जाने तयारी गरिएको उहाँले बताउनुभयो । अहिले रू चार अर्बको स्रोत सुनिश्चितताको सहमति प्राप्त भएको र आफूहरूले गर्नुपर्ने सबै प्राविधिक काम सकेको र रूख कटानको समस्या समाधान हुने बित्तिकै काम अघि बढी हाल्ने प्रमुख थापाले बताउनुभयो । नमूना सदरमुकाम निर्माणस्थलमा करिब पाँच सय ५२ वटा रूख तथा ९० वटा साना पोल कटान गर्नुपर्नेछ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# मेरिटोक्रेसीको बहस

विश्वविद्यालय मेरिटोक्रेसीका आधारमा चल्न सक्ने बनाउन बहस शुरु भएको छ । अति राजनीतिको कारण विश्वविद्यालय राजनीतिक भर्ती केन्द्र बनेकोछ । हरेक क्षेत्रमा राजनीति हावी हुँदा राम्रो बनाउन खोज्दा व्यङ्ग्य गर्ने अवस्था छ । सत्तामा रहेकाले आफ्नो अनुकूलको छनोट समिति बनाएर भर्ती गर्ने अनि त्यसलाई मेरिटोक्रेसीको जामा लगाइदिने गरिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले साँच्चैको मेरिटोक्रेसीका आधारमा र विश्वविद्यालय चल्न सक्ने गरी रिक्त डीन र क्याम्पस प्रमुखहरुको नियुक्ति गर्न निर्देशन दिएका छन् ।

त्रिभुवन विश्वविद्यालयको कीर्तिपुरमा भएको साधारणसभा (सिनेट) बैठकमा कुलपति ओलीले विश्वविद्यालय चलाउने कामको नेतृत्व उपकुलतिले गर्ने स्मरण गराउँदै उनले विश्वविद्यालय चल्न सक्ने गरी निष्पक्ष र साँच्चैको मेरिटोक्रेसीमा रहने गरी काम गर्न उपकुलपतिलाई आफूले भन्दै आएको दोहोऱ्याए । बैठकमा सिनेट सदस्यले सिफारिस भइसकेका डीन र क्याम्पस प्रमुखको नियुक्ति नभएको भन्ने प्रश्न उठाएपछि प्रधानमन्त्री ओलीले आउँदो पुस ७ गतेभित्र ती नियुक्ति गरिसक्न निर्देशन दिए ।

'सबैले गुणस्तरीय शिक्षा प्राप्त गर्न सकुन्, सिङ्गो सामाजिक विषय शिक्षामा आउनुपर्यो । शिक्षा क्षेत्र मुक्तमनले चल्नुपर्छ तर त्रिवि आफ्ना नियम र कानुनको परिधिमा रहेर चल्लुपर्छ । त्रिविको स्वायत्तता व्यक्तिगत होइन, त्यो स्वायत्तता सिनेटमापर्फत् अधिकार प्रत्यायोजन गर्दै लगिने विषय हो, प्रधानमन्त्री ओलील अगाडि भने, ' त्रिविमा मेरिटोक्रेसी हुनु राम्रो हो तर त्यो साँच्चैको हुनुपर्छ । त्यसका नाममा ड्रामा चल्नु हुँदैन । कुलपतिले हस्तक्षेप गरेको भनेर मिडियाबाजी पनि गरिएको छ, सही कुरामा कुलपतिका हैसियतले मैले भूमिका निर्वाह गर्नैपर्छ । मबाट हस्तक्षेप हुँदैन तर मेरिटोक्रेसी हुनुपर्छ भनेर मैले भनेको छु ।'

प्रधानमन्त्री ओलीको प्रश्न थियो, 'उपकुलपतिलाई त्यसो भन्नु मेरो कर्तव्य होइन' र कुलपतिले सिनेट बैठकलाई दिनभर छलफल र विवाद गर्ने ढाँचामा नभई मर्यादित, व्यवस्थित, रचनात्मक र परिपक्वरुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै ठोस कार्यसूची ल्याउन पदाधिकारीहरुलाई आग्रह गरे ।

सिनेटका सदस्यले पनि सकारात्मक परिणाम ल्याउने कार्यसूची ल्याउन सक्रियताका साथ भूमिका निर्वाह गर्नुपर्ने उनको भनाइ थियो । सभामा सामुदायिक क्याम्पस, प्राध्यापक, कर्मचारी, विद्यार्थी क्षेत्रका प्रतिनिधिले पदाधिकारीबाट पर्याप्त गृहकार्यविना प्रस्तावहरु प्रस्तुत भएको र त्रिविको विधिलाई पालना नगरिएको भन्दै असन्तुष्टि जनाएपछि कुलपति ओलीले कार्यसूचीमाथि छलफल सञ्चालन गरे ।

प्रधानमन्त्री ओलीले विश्वविद्यालयमा भएका समस्या र माग छन् ती मागको विधिवत् सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गरे। उनले त्रिविको ऐन, नियम संशोधन गर्दा सम्बन्धित सरोकार भएका पक्षले सचेत भएर ध्यान दिन पनि आग्रह गरे।कुलपतिले आवश्यक निर्देशन दिनु न्याय होइन । सभाबाट त्रिवि सेवामा प्रवेशका लागि सेवा योग्यता प्रशिक्षण परीक्षाको व्यवस्थालगायत १२ बुँदे नीति पारित भएका छन् । प्रधानमन्त्री ओलीले विश्वविद्यालय सुधारका विविध विषयमा अनौपचारिक छलफल गर्न आगामीण पुस ७ गतेका लागि समय निर्धारण गरेका छन। नेपाली उखान धान खाने मुसो चोट पाउने भ्यागुतो भने जस्तो विगार्नेले नै योग्य र सक्षमको वकालत गर्नु सुहाउँदो होइन ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : व्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनहोस् ।

# मुस्ताङमा आलु 'जोन'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ मंसिर

मुस्ताङका पाँच स्थानीय तहमा चालु आर्थिक वर्षदेखि आलुको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) सञ्चालन गरिएको छ । व्यावसायिक आलुखेती विस्तार, गुणस्तर सुधार, उत्पादन वृद्धि र बजारीकरणमा सघाउने उद्देश्यले जोन कार्यक्रम सञ्चालन गरिएको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत यसअघि मुस्ताङमा स्याउ र च्याङ्ग्रा जोन कार्यक्रम सञ्चालन हुँदै आएको छ । म्याग्दी र मुस्ताङ कार्यक्षेत्र भएको परियोजनाको जोमसोमस्थित कार्यालयका प्रमुख भरतराज गौतमले आलु जोन कार्यक्रममा ७२ कृषि फार्म, समूह र सरकारी सूचीकृत भएका जानकारी दिनुभयो ।

कार्यक्रममार्फत आलुखेती गर्ने कृषकलाई मल, बीउ खरिद, साना सिँचाइ निर्माण, भण्डारण, बजारीकरणलगायत कामका लागि ५० देखि ८५ प्रतिशतसम्म अनुदान दिइने उहाँले बताउनुभयो । आलु जोन कार्यक्रमका लागि चालु आवमा रु एक करोड १७ लाख बजेट प्राप्त भएको गौतमले जानकारी दिनुभयो । पाँच सय हेक्टर क्षेत्रफलमा आलु खेती गरेका कृषकहरूलाई जोन कार्यक्रममा समेटिएको छ। छनोट भएका कृषक समूह, सहकारी र फार्महरूसँग अनुदानका लागि सम्झौता गर्न थालिएको परियोजनाका प्रमुख गौतमले उल्लेख गर्नुभयो । चार सय ५९ हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आएको मुस्ताङमा यस वर्ष सात हजार ३१ मेट्रिकटन उत्पादन भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । मुस्ताङमा स्थानीय कुफ्रिज्योति जातको आलुखेती हुन्छ । मुस्ताङमा उत्पादन भएको आलु म्याग्दी, बागलुङ, पोखरा, काठमाडौं, चितवन, रुपन्देहीलगायत देशका विभिन्न सहरमा बिक्री हुने गर्दछ । चिसो हावापानीमा रासायनिक विषादी र मलको प्रयोगबिना प्राङ्गारिक विधिबाट उत्पादन भएको मुस्ताङको आलु स्वादिलो र पोषिलो मानिन्छ ।

# चापाकोटमा महिला भलिबल

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर

पोखरा महानगर २३ वाम्दीमा 'पर्यटन प्रवर्द्धनमा खेलकुद' भन्ने नाराका साथ सुरु भएको महिला भलिबल प्रतियोगितामा शान्त भलिबल ट्रेनिङ सेन्टर, भकुण्डे पोखरा, गुरुकुल विद्या सद, नयाँबजार पोखरा, धादिङ स्पोर्ट्स क्लब, धादिङ र एलिट भलिबल एकेडेमी, पोखरा सेमिफाइनलमा प्रवेश गरेका छन् ।

शान्तले बागलुङ नगरपालिका, बागलुङलाई ३-२ को सेटमा पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । यस्तै गुरुकुलले हरिनास गाउँपालिका, स्याङजालाई ३-२ को सेटमा पराजित गर्दै सेमिफाइनलमा पुगेको हो ।

धादिङले निर्माया दोहोरी साफ्लाई सोझो ३-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा पुगेको हो भने एलिटले टिम पोखरालाई ३-० को सोझो सेटमा पराजीत गर्दै सेमिफाइनल यात्रा तय गरेको हो । भोली हुने सेमिफाइनलको पहिलो खेल धादिङ स्पोर्ट्स र गुरुकुल बिच हुने छ । दोस्रो सेमिफाइनल खेल शान्त भलिबल र एलिटकाबिच हुने खेल संयोजक पूर्णबहादुर (जापान) गुरुङले जानकारी दिए । नकआउट सिस्टमका आधारमा खेलाइएको खेलमा १० टिमको सहभागिता रहेको छ । प्रतियोगितामा नेपाल महिला भलिबल टिमका सिनीयर खेलाडी वा आठौं र नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता खेलेका बढिमा २ जना खेलाडी टिममा सहभागि गराउन सक्ने नियमका आधारमा खेलाइएको हो ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद एक लाख, ट्रफि र मेडल प्राप्त गर्ने छ । भने द्धितिय हुने टिमले नगर ५० हजार ट्रफि र मेडल प्राप्त गर्ने छ। यस्तै सेमिफाइनलमा पुग्ने टिमले १५ हजारका दरले पुरस्कार पाउने अध्यक्ष पराजुलीले जानकारी दिए ।

विधागत तर्फ सात विधाका उत्कृष्ट पुरस्कार वितरण गरिने आयोजक चापाकोट पर्यटन प्रवर्द्धन समितिले जनाएको छ ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रथम पटक प्रकाशित सूचना २०८१/०८/३०

यस कार्यालयबाट मिति २०७६/१०/१९ मा कास्की जिल्ला पोखरा ३२ कास्की मा संचालन गर्ने गरि पोखरा ३२ कास्की निवासी तिल कुमारी गुरुङको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १६८०४/०७६/०७७ (७७८) को तिल कुमारी डुवानी सेवा नामक प्राईभेट फर्म मिति २०८१/०८/२८ मा बन्द गरी पाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# क्षेत्री समाजद्वारा विभिन्न व्यक्ति र संस्था सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर



क्षेत्री समाज नेपाल वडा समिति पोखरा १६ ले विभिन्न क्षेत्रका व्यक्ति र संस्थालाई सम्मान गरेको छ ।

पोखराको पर्यटकीय स्थल घामीमा आयोजित कार्यक्रमका विच संस्थाको विकासमा योगदान पुर्याएका पत्रकार शिशिर पौडेल, यदुनाथ बज्जारा, प्रकाश अधिकारी, पारिजात खराल, सज्जय थापा, कालिका मन्दिर कोत मामलियत व्यवस्थापन समिति, भजन समुह र समाजले आयोजना गरेको नवदुर्गा झाँकीका सहभागीलाई सम्मान गरेको हो ।

उनीहरूलाई समाजका कास्की अध्यक्ष दिलबहादुर अधिकारी, कोषाध्यक्ष सन्दिप थापा, महानगर अध्यक्ष कृष्णबहादुर थापा,वडा समितिका कार्यबाहक अध्यक्ष राम शरण बानियाँ लगायतले खादा, मायाको चिनो र सम्मान पत्र प्रदान गर्नुभयो। कार्यक्रममा बोल्दै अध्यक्ष अधिकारीले राष्ट्रिय अखण्डता र सामाजिक एकताका लागि क्षेत्री समाज सदैव अग्र भागमा रहेको बताउनुभयो । जिल्ला कोषाध्यक्ष सन्दिप थापाले समाजको १६ नं वडा समिति निकै क्रियाशिल रहेको भन्दै प्रशंसा गर्नुभयो ।

वडा समितिका कार्यबाहक अध्यक्ष राम शरण बानियाँको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव गोविन्द बहादुर थापाले गर्नुभएको थियो । रमाईलो वनभोज सहित भएको कार्यक्रममा विभिन्न खेलमा विजयी वल बहादुर थापा, लक्ष्मी जि सि , सिता बस्नेत , चरित्र थापालाई पुरस्कार प्रदान गरिएको थियो ।

# लेखनाथ महोत्सवलाई आमा/महिला समुहको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर




लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा आगामी पुस १८ गतेदेखि हुने '२०औं लेखनाथ महोत्सव'लाई सफल बनाउन लेखनाथका विभिन्न आमा/महिला समुहहरुले सघाउने भएका छन् ।

माघ १ गतेसम्म सञ्चालन हुने महोत्सवको विषयमा आयोजित छलफल कार्यक्रममा सहभागी विभिन्न आमा/महिला समुहका प्रतिनिधिहरुले आ-आफ्नो तर्फबाट सक्रियतापुर्वक सहभागी भई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन । कार्यक्रममा संघका अध्यक्ष एवं महोत्सवका संयोजकविनोदश्रेष्ठलेमहोत्सवको तयारीका विषयमा जानकारी दिँदै यहाँका विभिन्न संघ संस्था र समुहहरुले आफ्नो महोत्सवको रुपमा अपनत्व लिएका कारणले लेखनाथ महोत्सव महोत्सवहरुको पनि महोत्सव हुन सफल भएको वताएका थिए । उनले महोत्सवमा महिला/आमा समुहको सहभागीता रत्यौली र नाचगान कार्यक्रमहरुमा मात्र नभई संघले विभिन्न तालिमहरुको माध्यमबाट उद्यमी भएको हेर्न चाहेको वताएका थिए । यस्तै महिला/आमा समुह परिचालन उप-समितिकी संयोजक सन्ध्या दाहालले महिलाहरुको सक्रिय सहभागिताका कारण झाँकी र्याली, रत्यौली लगायतका कार्यक्रमहरु सफल भएको बताउँदै यस पटक पनि सहयोगको अपेक्षा गरेको बताइन । रत्यौली कार्यक्रम उप-समितिकी संयोजक गंगा मल्लले कार्यक्रमले महोत्सवमा बेग्लै रौनक प्रदान गर्नुका साथै कला संस्कृतिको समेत जर्गेना गर्ने बताउँदै विगत भएका कमजोरीहरुलाई सुधार गर्दै यसपालीको कार्यक्रम अझै परिस्कृत र उत्कृष्ट बनाउने प्रतिबद्धता व्यक्त गरेकी थिईन ।कार्यक्रममा निवर्तमान अध्यक्ष क्षत्रधर आत्रेय, पुर्वअध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी, झाँकी र्याली व्यवस्थापन उप समितिकी संयोजक बुद्धि कुमारी मगर, हाजिरी जवाफ प्रतियोगिताकी संयोजक प्रभा कुमारी पौडेल, ग्रामिण रैथाने प्रविधि व्यवस्थापन उप-समितिकी संयोजक पार्वती थापा, लगायतले बोलेका थिए ।

महिला/आमा समुह परिचालन उप-समितिकी संयोजक सन्ध्या दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धन्यवाद ज्ञापन सह संयोजक अञ्जली पण्डितले गरेकी थिईन भने कार्यक्रमको सञ्चालन संघकी महासचिव जानुका पराजुली अधिकारीले गरेकी थिईन ।

# अपाङ्गता भएका व्यक्तिहरुको बास्केटबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ मंसिर

तनहुँको व्यास नगरपालिका-३ स्थित बास्केटबल कोर्टमा अपाङ्गता भएका व्यक्तिहरुले आज ह्विलचियरमा बसेर बास्केटबल खेलेका छन् । सहृदयी मञ्च नेपाल तनहुँको आयोजना र व्यास नगरपालिकाको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुबीच ह्विलचियर बास्केटबल प्रतियोगिता आयोजना गरिएको हो ।

मैत्रीपूर्ण बास्केटबल प्रतियोगितामा व्यास र पराशर समूहको सहभागितामा रहेकामा व्यास समूह विजयी भएको छ । प्रतियोगितामा व्यास समूहले १२ र पराशर समूहले आठ अङ्क प्राप्त गरेको छ । अपाङ्गता भएका व्यक्तिहरू खेल खेल्न सक्दैनन् भन्ने आम सोचाइ चिर्नका लागि मैत्रीपूर्ण बास्केटबल प्रतियोगिता आयोजना गरिएको मञ्चका अध्यक्ष सावित्री सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "समाजमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूले खेल खेल्न सक्दैनन् भन्ने सोचाइ विद्यमान छ । त्यो सोचलाई हटाउनका लागि पहिलोपटक बास्केटबल प्रतियोगिता आयोजना गरेका हौं ।" प्रतियोगिता उद्घाटन कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले खेलकुदलाई प्राथमिकतामा राखेको बताउनुभयो । अपाङ्गता भएका व्यक्तिहरू खेल्न सक्दैनन् भन्ने आम सोचाइ चिर्नका लागि यस्ता कार्यक्रमले सहयोग पुग्ने न्यौपानेको भनाइ थियो । सहायक प्रमुख जिल्ला अधिकारी जितबहादुर भण्डारीले शारीरिक अपाङ्गता भएका व्यक्तिहरू पनि खेलकुदमा सक्षम रहेको यस्ता कार्यक्रमले पुष्टि हुने बताउनुभयो । व्यास नगरपालिका-६ का वडाध्यक्ष एवं व्यास नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरुङले हरेक व्यक्तिले समान अधिकार पाउने संविधानप्रदत्त अधिकार रहेकाले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा जोड्ने प्रयास गरिएको बताउनुभयो ।

अपाङ्गता अधिकारकर्मी मदन पौडेलले अपाङ्गता भएका व्यक्तिले खेल्न सक्दैनन् भन्ने मानसिकता चिर्ने प्रयास गरिएको बताउनुभयो । अपाङ्गता भएका व्यक्तिले पनि खेलकुदका गतिविधिमा संलग्न हुन पाउनुपर्छ भनेर स्थानीय तहलाई आग्रह गरिएको उहाँको भनाइ छ ।

**नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो** पटक प्रकाशित मितिः २०८१/०८/३० गते

यस कम्पनीको मिति २०८०/०७/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिन साविककाे कम्पनी आवर बेस्ट कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं.३०८५७९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्हाेर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्हाेर्नु गरि श्री कम्पनीको रजिष्ट्रारको कार्यलयको मिति २०८१/०८/०४ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि पि.पि.पि. नेपाल कन्स्ट्रक्सन प्रा.लि. कायम गरिएको व्हाेरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# लेकसिटी कलेज पोखरामा कार्निभल

पोखरापत्र संवाददाता
पोखरा २९ मंसिर

लेकसिटी कलेज एण्ड रिसर्च सेन्टर पोखराले शनिबार कार्निभल आयोजना गरेको छ। पोखरा ४ गैहपाटनमा रहेको कलेज परिसरमा तेस्रो लेकसिटी कार्निभल कार्यक्रममा आयोजना गरिएको हो । खुला सडकमा नाँच्ने, खाने, गाउने र रमाइलो गर्ने गरी आयोजना गरिने कार्निभल कार्यक्रम लेकसिटीले पछिल्ला वर्षहरुमा नियमित रुपमा गर्दै आएको छ।




कलेज संचालक समितिका अध्यक्ष प्रा डा विश्वकल्याण पराजुलीले सो कार्निभल कार्यक्रमको शुभारम्भ गरेका थिए । कलेज परिसरको खेल मैदानमा सांस्कृतिक कार्यक्रमका लागि मूख्य मञ्च सहित विभिन्न ११ वटा स्टलहरु राखिएका थिए। ती स्टलहरुमा स्थानीय उत्पादनहरु मह, अचार, सातु, कपडाका झोला, हस्तकला, सजावट र सौन्दर्य सामाग्री लगायतको प्रदर्शनी र बिक्री गरिएको थियो । त्यसैगरी खानाका परिकारहरु सेलरोटी, तरकारी, अचार, मम, चाउमिन पानीपुरी, चटपट पनि राखिएका थिए । कलेजमा अध्ययन गरिरहेका र पूर्वविधार्थीहरु आँफैले ती स्टलहरुको संचालन गरेको क्याम्पस प्रमुख प्रमूख नारायण श्रेष्ठले जानकारी दिए । कार्निभलमा सहभागीले विधार्थीहरुले पकाएका खानाका परिकार मीठो मानेर खाएका थिए। टेलिकम कम्पनी एनसेलले आफ्नो सेवासुविधाबारे कार्निभलमा सहभागीलाई जानकारी दिन स्टल राखेको थियो । कलेजमा अध्ययनरत विधार्थी र प्राध्यापकहरुलाई निशुल्क सिम वितरटा गरिएको एनसेलले जनाएको छ। कार्निभललाई थप मनोरञ्जक बनाउन कलेजका विधार्थीहरुले सांस्कृतिक कार्यक्रम आयोजना गरेका थिए । गायन, नृत्य, लाखेनाच सहितका सांगीतिक र सांस्कृतिक कार्यक्रमले कलेजको खुला मैदानमा जम्मा भएका सबैलाई मोहित पारेको थियो। कलेजकी पूर्वविधार्थी सपना गायकले कार्यक्रम संचालन गरेकी थिइन् । साँझ आयोजित कन्सर्टमा कर्खा र अपरिमित ब्याण्डको सांगीतिक प्रस्तुति थियो।

कार्निभललाई विजय आभुषण र रोजिना अफसेट प्रेसले प्रायोजना तथा लिचीबोट पार्टीप्यालेस, लोटस युनिफर्म र हलमार्कले सहयोग गरेका थिए। आगामी वर्ष पनि यसप्रकारको कार्यक्रमलाई निरन्तरता दिने कलेजका सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देलले बताए । कलेजले वार्षिक रुपमा विद्याथीहरुलाई शैक्षिक भ्रमण, खेलकूद प्रतियोगिता, रक्तदान कार्यक्रम, वृक्षरोपण, फिल्ड भ्रमण र वर्कसप कार्यक्रमहरु गर्दै आएको सहायक क्याम्पस प्रमुख सिग्देलको भनाइ छ। लेकसिटीले सामाजिक विज्ञान केन्द्रको मौलिक प्रस्तुतिका रुपमा हरेका महिना कचहरी कार्यक्रम गर्दै आइरहेको छ।

त्रिविबाट सम्बन्धन प्राप्त सो कलेज विस २०६४ सालमा पोखराका स्थानीय प्रवुद्ध व्यक्तिहरुबाट स्थापना गरिएको हो। कलेजमा स्नातक तहअन्तर्गत बिबिएस, बिएएसडब्लू (समाजसेवा) र बिएमा समाजशास्त्र, पत्रकारिता तथा आमसंचार र अंग्रेजी साहित्यको पठनपाठन हुँदै आएको छ । वार्षिक सय जना विधार्थी भर्ना गर्ने क्षमता रहेको कलेजमा हाल ३ सय ५० जना अध्ययनरत रहेको क्याम्पस प्रमूख श्रेष्ठले जानकारी दिए।

गुणस्तरीय र व्यावहारिक शिक्षामा आफूहरुले जोड दिँदै आएको कलेजको दाबी छ । शैक्षिक उत्कृष्टता र खेलकूदमा लोभलाग्दो सफलता प्राप्त गर्न कलेज सफल भएको छ। हालै प्रकाशित स्नातक तहको नतिजामा डिस्टिङ्सनसहितको उच्च दरको सफलता लेकसिटीले पाएको छ। यसैगरी १७ ओं हिसान कास्की स्पोर्टमिट २०८१ मा बास्केट बलतर्फ छात्र र छात्रा दुबैमा प्रथम स्थान प्राप्त गरेको छ।

# पोखरा महोत्सवको तयारी तीव्र

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर

१३ औं संस्करणको पोखरा महोत्सवको तयारी स्वरुप महोत्सवका विभिन्न उपसमिति तथा सल्लाहकारहरुको बैठक सम्पन्न भएको छ । आगामी पुषको २५ देखि माघको ७ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने १३ औं संस्करणको पोखरा महोत्सवको तयारी स्वरुप महोत्सव सम्पन्न गर्न गठित विभिन्न उपसमिति र सल्लाहकारहरुको बैठक सम्पन्न भएको हो।




सो अवसरमा वोल्दै महोत्सवका सल्लाहकार तथा पोखरा महानगरपालिका वडा नं १० का अध्यक्ष राजेश गुरुङले पोखरा महोत्सव सफल बनाउनका लागि वडा नं १० ले वडाबाट योजनामानै समेटेर महोत्सवलाई सहयोग गर्ने प्रतिवद्धता जनाए। त्यसैगरी पोखरा महोत्सवलाई महानगरबाट उपलब्ध हुने सहयोगका लागि आफ्नो तर्फबाट समेत सक्दो पहलकदमी गर्ने प्रतिवद्धता समेत जनाए। त्यस्तै महोत्सवका सल्लाहकार दिपक थापाले पोखरा महोत्सव स्थल अमरसिंह चोक आसपास सडक निर्माणको काम भइरहेकाले महोत्सव आयोजना गर्दा त्यस तर्फ ध्यान दिनुपर्नेमा जोड दिए । त्यस्तै सल्लाहकार श्यामकृष्ण श्रेष्ठले महोत्सजमा हाँस्य ब्यङ्ग्य कार्यक्रमलाई जोड्न सके दर्शक भित्रयाउन सहयोग पुग्ने वताए । सल्लाहकार प्रेम प्रसाद गौतमले पोखरा महोत्सवको आयोजना गरेर समाज सेवा गर्नु आफैमा महत्वपूर्ण भएकाले पोखरा महोत्सवलाई भब्य र सभ्य बनाउन सबैको सहकार्य आवश्यक रहेको वताए । सल्लाहकार तथा समाज कल्याण समितिका अध्यक्ष राजेन्द्र बहादुर कार्कीले समाजकल्याण परिषदको तर्फबाट आवश्यक पर्ने सहयोग गर्ने प्रतिवद्धता जनाए। सल्लाहकार अनिल थापाले पोखरा महानगरपालिका वडा नं ६ र आफ्नो ब्यात्तिगत तर्फबाट समेत सहयोग रहने प्रतिवद्धता ब्यक्त गरे । सल्लाहकार बलराम ढुंगानाले अहिले पृथ्वीराजमार्ग निर्माणको क्रममा रहेकाले विभिन्न समस्याहरु उत्पन्न हुने भएकाले त्यस्ता समस्या समाधानका लागि समेत महोत्सव आयोजक तयारी अवस्थामा बस्नुपर्ने बताए। नागरिक अगुवा तथा महोत्सवका सल्लाहकार राम बहादुर पौडेलले महोत्सवको पूर्व सन्ध्यामा आयोजना हुने सरसफाइ कार्यक्रमलाई जागरणको रुपमा आयोजना गर्नुपर्नेमा जोड दिए। सो अवसरमा वोल्दै युनाईटेड क्लबका निवर्तमान अध्यक्ष तथा १३ औं पोखरा महोत्सवका कार्यसम्पादन उपसमिति संयोजक राजु श्रेष्ठले सल्लाहकार तथा उपसमिति संयोजकहरुको सल्लाहलाई मनन गर्दै १३ औं संस्करणको पोखरा महोत्सवलाई भब्य र सभ्य बनाउन आफुहरु लाग्ने प्रतिवद्धता ब्यक्त गरे । उक्त अवसरमा महोत्सव सल्लाहकारहरु तेज बहादुर गुरुङ, गुप्त बहादुर कार्की, मुलयांकन ब्यवस्थापन उपसमिति संयोजक सुशिलराज पराजुली लगायतले आ आफ्नो धारणा राखेका थिए। युनाईटेड क्लबका अध्यक्ष तथा १३ औं पोखरा महोत्सव मुल आयोज समितिका संयोजक लोक बहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लवका वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य सहित बैठकको एजेन्डा प्रस्तुत गरेका थिएभने कार्यक्रमको सञ्चालन क्लबका महासचिव तथा महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले गरेका थिए।

# आठ वर्षमा पनि बनेन् बेनी अस्पतालको भवन

पोखरापत्र संवाददाता
म्याग्दी २९ मंसिर

तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य रहेको बेनी अस्पतालको भवन निर्माण कार्य आठ वर्षसम्म पनि पूरा भएको छैन।

पाँच वर्षअघि सकिनुपर्ने ५० शय्या क्षमताको भवनको हालसम्मको भौतिक प्रगति करिब ८० प्रतिशत छ । भवन निर्माणमा भएको ढिलासुस्तीका कारण बिरामीको उपचार प्रभावित भएको बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताउनुभयो।

"पचास शय्या क्षमता भए पनि १५ शय्याको संरचना र पूर्वाधारबाट सेवा दिनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "अस्थायी, पुराना र साँघुरा भवनमा अस्पताल सञ्चालन गर्न समस्या भएको छ ।" म्याग्दीका साथै पर्वत, बागलुङ र मुस्ताङका सर्वसाधारणले सेवा लिने अस्पताललले सात वर्षयता अस्थायी संरचनाबाट सेवा सञ्चालन गर्दै आएको छ।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले विसं २०७३ मङसिर २१ गते भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभीसँग रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता गरेको थियो।

रु २४ करोड चार लाख २ ९ हजार आठ सय ६९ लागत अनुमान गरिएको भवन विसं २०७६ मङ्सिर २० गते निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता थियो । भवन निर्माणका लागि पाँच पटकसम्म म्याद थप भएको छ । चार हजार नौ सय ६३ वर्गमिटर क्षेत्रफलमा बनाउन लागिएको चार तले तीन वटा भवनको भित्री भाग पलास्टर र रङरोगन गर्न, विद्युत्, पानी जडान गर्न, झ्यालढोका र टायल राख्न बाँकी छ। पन्ध्र शय्या क्षमताको अस्पताल विसं २०७२ मा ५० शय्यामा स्तरोन्नति भएको थियो। नयाँ भवन बनाउन अस्पतालको पुरानो भवन भत्काइएको थियो । बहिरङ्ग कक्षको सेवा अस्थायी भवनबाट सञ्चालन गरिएको छ । आकस्मिक र अन्तरङ्ग कक्ष पुरानो प्रशासनिक भवनबाट सञ्चालन गरिएको छ। स्वास्थ्य कार्यालयको भवनमा अस्पताल प्रशासन र व्यवस्थापन समितिको कार्यालय राखिएको छ।

भवन अभावमा विशेषज्ञ चिकित्सक आउन नमान्ने, म्याग्दीले पाउनुपर्ने हब अस्पतालको कार्यक्रम अन्यत्र जिल्लामा गएको व्यवस्थापन समितिका अध्यक्ष सुवेदीले बताउनुभयो। सघन उपचार कक्ष (आइसियु) र डायलासिस कक्ष पनि स्वास्थ्यकै भवनमा स्थापना भएको छ।

पालिका, जिल्ला, प्रदेश र प्रतिनिधिसभाका जनप्रतिनिधीले सम्बद्ध आयोजना कार्यालय, सहरी विकास मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा पटकपटक ध्यानाकर्षण गराउँदै आए पनि अस्पतालको भवन निर्माणले गति लिएको छैन।

# नेपाल पत्रकार महासङ्घ बागलुङको अध्यक्षमा थापा

पोखरापत्र संवाददाता
बागलुङ, २९ मंसिर

नेपाल पत्रकार महासङ्घ बागलुङको अध्यक्षमा राम थापा निर्वाचित हुनुभएको छ । ८औँ जिल्ला अधिवेशनबाट थापा ४६ मतसहित विजयी हुनुभएको निर्वाचन समितिका संयोजक हिराबहादुर केसीले जानकारी दिनुभयो।

थापा राष्ट्रिय समाचार समिति राससमा कार्यरत हुनुहुन्छ । थापाका निकटतम प्रतिद्वन्द्वी तारानाथ आचार्यले २३ मत प्राप्त गर्नुभएको छ। पत्रकार महासङ्घ बागलुङको उपाध्यक्षमा सुवास आचार्य ४३ मतसहित निर्वाचित हुनुभएको छ । यस्तै महिला उपाध्यक्षमा सृजना पन्त ५० मतसहित विजयी हुनुभएको छ । सचिवमा नारायण रिजाल ४० मतले विजयी हुँदा सहसचिव खुलामा डम्बर बुढामगरले ४३ मत प्राप्त गरेर निर्वाचित हुनुभएको छ । समावेशी सहसचिवमा नवराज नेपाली सर्वसम्मत हुनुभएको थियो । यस्तै कोषाध्यक्षमा खेमराज गौतम ४९ मत प्राप्त गरी विजयी हुनुभएको छ। सदस्यमा अर्जुन कार्कीले ४८ मत, प्रदीप पन्तले ४७ मत, प्रकाश बरालले ४५ मत, बालकृष्ण सुवेदीले ४० मतले विजयी हुनुभयो। महिला सदस्यमा मनिषा शर्मा सर्वसम्मत हुनुभयो । दलित सदस्यमा अनिष खातीले ३६ मत, आदिवासी जनजाति सदस्यमा सङ्गम घर्तीमगरले ५० मत प्राप्त गरी निर्वाचित हुनुभयो।

केन्द्रीय परिषद् महिला सदस्यमा कोपिला कँडेलले ४६ मत विजयी हुँदा केन्द्रीय परिषद् खुला सदस्यमा दिलीप पौडेल ३९ मत प्राप्त गरी निर्वाचित हुनुभयो। प्रदेश परिषद् सदस्यहरुमा कृष्ण आचार्यले ५० मत, सुवासराज पन्तले ४७ मत, खिमबहादुर कार्कीले ४४ मत, चन्द्रगणेश पौडेलले ४२ मत प्राप्त गर्नुभयो। प्रदेश परिषद् सदस्यमा लक्ष्मी परियार निर्विरोध हुनुभएको छ । नेपाल पत्रकार महासङ्घ बागलुङ शाखाको स्थापना विसं २०५७ मा स्थापना भएको थियो।

# स्थानीयस्तरमा उत्पादित मासले बजार पाएपछि कृषक उत्साहित

पोखरापत्र संवाददाता
दमौली २९ मंसिर

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीमा उत्पादित मास (दलहन) ले बजार पाएपछि कृषक उत्साहित भएका छन् । जिल्लाकै सबैभन्दा अग्लो (दुई हजार एक सय ३४ मिटर) उचाइमा अवस्थित छिम्केश्वरीमा उत्पादित मासले स्थानीयस्तरमै बजार पाएपछि यहाँका कृषक उत्साहित भएका हुन्।

छिम्केश्वरीस्थित बगई, खेउसिङमा उत्पादित मास आँबुखैरेनी गाउँपालिका-३ स्थित हाटबजारबाट सहज रूपमा बिक्री भइरहेको छ । यहाँ कृषकलाई मागअनुसार मास पुऱ्याउनै हम्मेहम्मे भइरहेको छ। खेउसिङका कृषक कमानसिंह गुरुङले विगत वर्षहरूमा बजार खोज्दै हिँड्नु परे पनि यसपटक यहाँ उत्पादित मासले बजार पाएपछि आफूहरू खुसी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "विगतमा मास बिक्रीका लागि भौंतारिनुपर्थ्यो, अहिले त सहज रूपमा बिक्री गर्न पाउँदा सजिलो भयो।" आँबुखैरेनी गाउँपालिकामा विगत एक वर्षदेखि सञ्चालनमा आएको हाटबजारले कृषि सामग्री बिक्री वितरण गर्न सजिलो भएको उहाँको भनाइ छ।

बगईका कृषक सानुमाया भुजेलले मासले बजार पाउन थालेपछि यस खेतीतर्फ झनै आकर्षण बढ्ने बताउनुभयो । "बजार नपाउँदा कृषक खेतीतर्फ प्रोत्साहित हुँदैनन् तर जब उत्पादित सामग्रीले बजार पाउँछ त्यसले आकर्षण बढ्छ", उहाँले भन्नुभयो, "गाउँपालिकाको पहलमा सहज रूपमा मास बिक्री गर्न पाउँदा सजिलो भएको छ।"

आँबुखैरेनीस्थित हाटबजारमा छ हजार ७५ किलोग्राम मास बिक्री भएको छ। पहिलो चरणमा चार हजार दुई सय र दोस्रो चरणमा एक हजार आठ सय ७५ किलो मास बिक्री भएको हो । त्यस क्रममा कृषकले रु १२ लाख १५ हजार आम्दानी गर्न सफल भएका छन् । पहिलो चरणमा रु आठ लाख ४० हजार र दोस्रो चरणमा रु तीन लाख ७५ हजारको मास बिक्री भएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतिकिलो रु दुई सयमा मास बिक्री गरिएको छ। "माग धेरै हुँदा सबैलाई पुऱ्याउन सकिएको छैन", केसीले भन्नुभयो। गाउँपालिकाले हाटबजारसम्म ढुवानीका लागि सवारीसाधनको व्यवस्थापन गरिदिएको थियो । यस्तै, मास उत्पादन गर्ने कृषकलाई प्रतिकिलो रु २५ अनुदान दिने व्यवस्था मिलाइएको केसीले बताउनुभयो । गाउँपालिकाले विगत एक वर्षदेखि प्रत्येक शुक्रबार हाटबजार सञ्चालन गर्दै आएको छ। हाटबजारले स्थानीय कृषक र उपभोक्तालाई जोड्ने काम गरेको छ । हाटबजार स्थानीय कृषिउपज बिक्री वितरणका लागि प्रभावकारी थलोका रूपमा विकास भएको कृषकहरूले बताएका छन् । हाटबजारमा प्रत्येक शुक्रबार कृषकले कृषिउपज वस्तु बिक्री वितरणका ल्याउँछन् । हाटबजारमा मह, गोलभैँडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लीगानलगायत दैनिक उपभोग्य वस्तु बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले दश वर्षका लागि जग्गा भाडामा लिएर हाटबजार सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले वार्षिक रु दुई लाख ५० हजार भाडा तिर्नेगरी गाउँपालिकाले जग्गा भाडामा लिएको बताउनुभयो । गाउँपालिकाका जुनसुकै वडाका कृषकले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्न सक्ने व्यवस्था गरिएको छ।

# गोगन मा.वि.भुपु.विद्यार्थी मञ्चको तदर्थ समितिमा परियार

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर

पोखरा महानगरपालिका वडा नं ३२ स्थित गोगन माध्यमिक विद्यालय पूर्व विद्यार्थी मिलन कार्यक्रम अन्तर्गत आज सम्पन्न भेलाले किसान परियारको संयोजकत्वमा गोगन मा.वि.भुपु विद्यार्थी मञ्चको तदर्थ समिति गठन गरिएको छ।



मञ्चको सह संयोजकमा रेशम रानाभाट, सचिवमा बिनोद भण्डारी, सहसचिवमा भावना पौडेल, कोषाध्यक्षमा एलिसा केसी रहनुभएको छ । मञ्चका सदस्यहरूमा किर्तीराज खनाल, अजय घिमिरे, दिपक पौडेल, विश्वर्ण बस्नेत हुनुहुन्छ। यस अघि कार्यक्रमको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले शैक्षिक गुणस्तरीयतामा जोड दिनुपर्ने बताउँदै विद्यालयको सर्वाङ्गिण विकासमा पूर्व विद्यार्थीहरूको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेलले विद्यालयको समग्र अवस्थाबारे प्रकाश पार्नुभएको थियो । विद्यालयको समग्र उन्नयनका लागि भुपु विद्यार्थीहरूसँग सहकार्य गर्दै अघि बढ्ने उहाँले बताउनुभयो। किसान परियारको अध्यक्षता एवम् विद्यालयका प्रधानाध्यापक मोहनराज बरालद्वारा सञ्चालित कार्यक्रममा स्वागत संयोजक हरिश्चन्द्र अधिकारीले गर्नुभएको थियो।

नवगठित मञ्चका संयोजक परियारले मञ्चको विधान निर्माण गरी तत्कालै सम्बन्धित निकायमा दर्ता प्रक्रिया अघि बढाउने र विभिन्न क्षेत्रमा रहेका भुपु विद्यार्थीलाई पहिचान गरी विद्यालय र उनीहरूबीच समन्वय गर्दै अघि बढीने बताउनुभयो।